हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

## हेटौंडा मकवानपुर
## बागमती प्रदेश, नेपाल

मिति: २०७९/०८/११

### अनुदानमा कृषि कार्यक्रम सम्बन्धि सूचना

**पहिलो पटक सूचना प्रकाशित मिति २०७९।०८।११**

हेटौडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखाको आ व २०७९।८० को बार्षिक स्वीकृत कार्यक्रम अनुसार उपमहानगरपालिका क्षेत्र भित्रका कृषि उद्यमी,कृषि समुह,कृषि फर्म,कृषि सहकारी संस्थाहरुको लागी तपशिल अनुसारका कार्यक्रममा अनुदान उपलब्ध गराउने भएकाले कुनै एक कार्यक्रममा मात्र तोकिएको शर्तहरुको अधिनमा रहि प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखामा आवेदन दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ।

| क सं | कार्यक्रमको शि नं | कार्यक्रमको नाम | स्विकृत रकम | प्रति आवेदक अनुदान रकम | स्वलगानी न्यूनतम रकम रु |
|---|---|---|---|---|---|
| १ | १६ | नमूना वडा कृषि उत्पादन कार्यक्रम | ५,००,०००। | | ३०% |
| २ | १४ | कृषिमा महिला प्रोत्साहन कार्यक्रम | १०,००,०००। | बढिमा १ लाख | ३०% |
| ३ | १० | कृषि फ़ार्म प्रवर्धन कार्यक्रम | ५,००,०००। | १,००,०००। | ३०% |
| ४ | १७ | कृषि वाली विकास तथा संरक्षण-प्लास्टिक पोखरी लगायत | २,००,०००। | ५०,०००। | ३०% |
| ५ | ३० | कृषि इन्जिनियरिङ प्रवर्धन कार्यक्रम | २०,००,०००। | यन्त्र उपकरणको आधारमा | ५०% |
| ६ | २९ | कृषि सिंचाई कार्यक्रम | ४०,००,०००। | आवश्यकता अनुसार | ३०% |
| ७ | ३४ | टनेल हाउस-प्लास्टिक घर कार्यक्रम | १५,००,०००। | ७०,०००।०० | ३०% |
| ८ | २१ र २२ | युवा लक्षित कृषि विकास कार्यक्रम | २५,००,०००। | आवश्यकता अनुसार | ३०% |

**निवेदन साथ आवश्यक कागजातहरु**

१.नागरिगता प्रमाण पत्रको प्रतिलिपि थान– १

२.सम्बन्धित वडाको सिफरिस थान– १

३.समुह.सहकारी.उद्यमी.फार्मको हकमा नविकरण सहितको प्रमाण पत्र प्रतिलिपि थान– १

४.कार्यक्रम माग गर्ने संस्थाको बैठकको प्रतिलिपि थान–१

५.विगत ३ बर्षमा यस कार्यालयवाट सम्बन्धित शिर्षकमा अनुदान नलिएको हुनुपर्ने र आवेदन एक प्रस्तावकले कुनै एक कार्यक्रममा मात्र गर्नुपर्ने छ।

**नोटः** माथीको सवै प्रकृया पुरा गरी निवेदन सम्बन्धित वडाको पशु सेवा केन्द्रमा र वडा नं.२,४,५ र १० को आवेदकहरुले सम्बन्धित वडा कार्यालयमा तोकिएको मिति भित्र दर्ता गर्नु पर्नेछ।

थप जानकारीको लागि कृषि तथा पशु सेवा शाखा हेटौडा उपमहानगरपालिका कार्यालयको ०५७५९०१०२, ८५५०६८३९३,९८२६४०४२३८ मा सम्पर्कको लागि अनुरोध छ।

# हेटौंडा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## हेटौंडा,मकवानपुर
## बागमती प्रदेश, नेपाल

मिति: २०७९/८।११

### नुदानमा पशुपालन कार्यक्रम सम्बन्धि सूचना

(पहिलो पटक सूचना प्रकाशित मिति २०७९।०८।११)

हेटौडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय पशुपन्छि त्रिकास शाखाको आ.व.२०७९।८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार उपमहानगरपालिका क्षेत्र भित्रका पशुपालक कृषक,कृषक समुहहरु,फार्म,कृषि सहकारी संस्थाहरुको लागी तपशिल अनुसारका कार्यक्रममा अनुदान उपलब्ध गराउने भएकोले कुनै एक कार्यक्रममा मात्र तोकिएको शर्तहरुको अधिनमा रहि प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र हेटौडा उपमहानगरपालिका,नगर कार्यपालिकाको कार्यालय पशुपन्छि विंकास शाखामा आवेदन दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

| क. सं. | कार्यक्रम को शि.नं. | कार्यक्रमको नाम | स्वीकृत रकम | प्रति आवेदक अनुदान रकम | स्वलगानी रकम रु |
|---|---|---|---|---|---|
| १ | ३६ र ३७ | युवा लक्षीत पशुपालन अनुदान कार्यक्रम | २०,००,०००।०० | आवश्यकता अनुसार | ३० % |
| २ | ३३ र ३४ | महिला पशुपालन प्रोत्साहन कार्यक्रम | १०,००,०००।०० | ५०,०००।- | ३० % |
| ३ | ११ र १२ | एकल महिला,गरिब,असहाय प्रोत्साहन कार्यक्रम | ९५०००००।०० | ५०,०००।०० | ३० % |
| ४ | ३५ | माछा तथा हाँस उत्पादन कार्यक्रम | ५,००,०००।०० | ५०,०००।- | ३० % |
| ५ | ३२ | बगुर प्रवर्द्दन कार्यक्रम | २,००,०००।०० | ५०,०००।- | ३० % |
| ६ | ४० र ४१ | घासँ काट्ने च्यापकटर वितरण कार्यक्रम | १०,००,०००।०० | २०,०००।- | ५०% |
| ७ | २९,३० र ३१ | पाडी प्रवर्द्दन कार्यक्रम | २०,००,०००।०० | ४०,०००।- | ३० % |
| ८ | ६४ | खुवा प्रवर्द्दन कार्यक्रम | १०,००,०००।०० | १,००,०००।- | ५०% |

<u>निवेदन साथ आवश्यक कागजातहरु:</u>

१.नागरिगता प्रमाण पत्रको प्रतिलिपि थान– १

२.सम्बन्धित वडाको सिफरिस थान– १

३.समुह,सहकारी ,उद्यमी,फार्मको हकमा नविकरण सहितको प्रमाण पत्र प्रतिलिपि थान– १

४.कार्यक्रम माग गर्ने संस्थाको वैठकको प्रतिलिपि थान–१

५.विगत ३ वर्षमा यस कार्यालयवाट सम्बन्धित शिर्षकमा अनुदान नलिएको हुनुपर्ने र आवेदन एक प्रस्तावकले कुनै एक कार्यक्रममा मात्र गर्नुपर्ने छ ।

**नोट:** माथीको सबै प्रकृया पुरा गरी निवेदन सम्न्धित वडाको पशु सेवा केन्द्रमा र वडा नं.२,४,५ र १० को आवेदकहरुले सम्वन्धित वडा कार्यालयमा तोकिएको मिति भित्र दर्ता गर्नु पर्नेछ ।

थप जानकारीको लागि कृषि तथा पशु सेवा शाखा हेटौडा उपमहानगरपालिका कार्यालयको ०५७५९०१०२, ८५५०६८३९३,९८२६४०४२३८ मा सम्पर्कको लागि अनुरोध छ ।

# हेटौंडा उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय
प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन इकाई
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

## प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको पकेट कार्यक्रम संचालन गर्न इच्छापत्र पेश गर्ने सूचना

(प्रकाशित मिति २०७९/०६/११)

यस हेटौंडा उपमहानगरपालिकाको आ.व.२०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना तर्फ पकेट कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकोले ईच्छुक कृषक समुह, कृषि सहकारी, कृषि फर्म तथा उद्यमी कृषकहरुले देहाय बमोजिम कागजात संलग्न गरी यो सुचना प्रकाशित भएको मितिले ३० दिनभित्र रीतपूर्वकको निवेदन हेटौंडा उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय, कृषि विकास शाखामा दर्ता गराउनु हुन सम्बन्धित सबैमा जानकारी गराईन्छ।

साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमः २ वटा

- संचालन हुने क्षेत्रः नगरका सबै क्षेत्र
- बालीहरुः तरकारी र धान बाली।
- क्षेत्रफलः तरकारी र धान बालीको लागी कम्तीमा ७ हेक्टर मा खेति गरिएको र प्लाष्टिक घरभित्रको खेतीको हकमा न्यूनतम १ हेक्टरको क्षेत्रफलमा खेती गरिएको हुनुपर्ने।
- कार्यक्रमहरुः उत्पादन सामाग्री, प्रदर्शन तथा तालिम सहयोग, साना सिंचाई कार्यक्रम तथा मेशिनरी औजार उपकरण

संलग्न गर्नुपर्ने कागजातहरुः

१ कार्यक्रम माग गरिएको निवेदन।
२ नीजि उद्यमीको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपी तथा संस्था/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी।
३ सम्वन्धित वडा कार्यालयको सिफारिस।
४ कृषक समुह/सहकारी/कृषि फर्म तथा उद्यमीहरुले कार्यक्रम संचालन गरिने बाली र क्षेत्रफल खुलेको निर्णयको प्रतिलिपी।
५ कार्यक्रम संचालन गर्न चाहने कृषक समुह/सहकारी/कृषि फर्म तथा उद्यमीहरुको जमीनको खेती प्रणाली (बाली पात्रो)को विवरण।
६ कार्यक्रम संचालन हुने स्थलको जग्गा धनीपुर्जाको प्रतिलिपी। लिजमा लिएको जमीन भएमा कम्तीमा ३ वर्षको करारनामाको प्रतिलिपी।
७ पासपोर्ट साइजको दुई प्रतिफोटो।
८ समूह सहकारीले सामुहिक रुपमा कार्यक्रम संचालन गर्न चाहेको भए संस्थाको निर्णयको प्रतिलिपी सहित संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी।
९ विगत ३ वर्षदेखी कुनै पनि संघ संस्था वा सरकारी कार्यालयबाट सम्बन्धित शिर्षकमा अनुदान नलिएको हुनुपर्ने छ।

**हेटौंडा उपमहानगरपालिका,**
**नगर कार्यपालिकाको कार्यालय, कृषि विकास शाखा, हेटौंडा**
**मो. ९८५५०६८३९३, ९८२६४०४२३८**